स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म "फर्की फर्की"को सिक्वेल बन्ने भएको छ। निर्माता रोहित अधिकारीले "फर्की फर्की युनिभर्स"लाई अघि बढाउँदै फिल्म निर्माण गर्ने भएका हुन्। त्यसका लागि अभिनेता अनमोल केसीसँग कागजी सम्झौता गरिसकेका छन्। "फर्की फर्की"मा अनमोलले निर्वाह गरेको म्याडीको चरित्रलाई नै नयाँ फिल्ममा निरन्तरता दिइनेछ। यद्यपि, फिल्मको नाम भने "फर्की फर्की २" राखिने छैन। उनले भने, "सिक्वेल हो। "२" नभनेको मात्रै हो।

**आजको विचार...**



स्वामीनारायण...
*(दुई पेजमा)*

पदम न्यौपाने

तीज नजिकिँदै गर्दा गायिका निशा सुनारले नयाँ तीज गीत "लाली लपक्कै सारी सपक्कै" बोलको गीत सार्वजनिक गरेकी छिन्। निशा सुनार र प्रकाश सपुतको स्वर रहेको गीतमा प्रकाश सपुतको शब्द तथा सङ्गीत छ। भिडियोमा प्रकाश सपुत, निरुता सिंह र विन्दु बोहराको नृत्य हेर्न सकिन्छ। विशेष भूमिकामा गायिका सुनार पनि देखिएकी छिन्। सुनिल विकको निर्देशनमा तयार भएको यो गीतको भिडियोमा गम्भीर बिस्टको कोरियोग्राफी छ। गीतको भिडियोमा हरि हुमागाँइको डीओपी, प्रवीण भ को सम्पादन छ।



❒ वर्ष ३२ ❒ अंक ५२ ❒ २०८३ भदौ २२ गते सोमबार 7 September 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा डेंगी संक्रमण बढ्दो

## नियन्त्रणका लागि पानी जम्न नदिन र सरसफाईमा ध्यान दिन जोड

भरत शर्मा

**तानसेन,** भदौ २१/जिल्लामा डेंगी संक्रमितको संख्या बढ्दोक्रममा रहेको छ । स्वास्थ्य कार्यालय पाल्पाका अनुसार जिल्लामा दिनहुँ डेंगी संक्रमण बढ्दै गएको हो ।

चालु आर्थिक वर्षको साउन र भदौ महिनामा यहाँ २ सय ५५ जनामा डेंगी संक्रमण पुष्टि भइसकेको स्वास्थ्य कार्यालयका ल्याव टेक्निसियन अधिकृत मधुसुदन भट्टराईले बताए । जलवायु परिवर्तन र परीक्षणको दायरामा वृद्धि भएपछि जिल्लामा संक्रमितको संख्या बढेको उनको भनाई छ । जिल्लामा अघिल्लो आर्थिक वर्ष २०८२/०८३ मा ४ सय ३२, आर्थिक वर्ष २०८१/०८२ मा ५ सय १०, आर्थिक वर्ष २०८०/०८१ मा ६ सय ८६, आर्थिक वर्ष २०७९/०८० मा २ सय ५० र आर्थिक वर्ष २०७८/०७९ मा २४ जनामा डेंगी संक्रम पुष्टि भएको भट्टराईले बताए । पाल्पाका युनाइटेड मिसन अस्पताल, पाल्पा अस्तपाल, लुम्बिनी मेडिकल कलेज लगायतका अस्पतालमा आएका बिरामीमा डेंगी संक्रमण देखिएको उनको भनाई छ । यी बाहेक कतिपय निजी मेडिकल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमासमेत डेंगीको परीक्षण हुन्छ । डेंगी सार्ने एडिज जातको लामखुट्टेले घर वरिपरि रहेका टायर, गमला, टिनका डब्बा तथा पानी जम्न सक्ने साना-ठूला भाँडाकुँडामा फूल पार्ने ल्याब टेक्निसियन भट्टराईले बताए । ती फूलबाट लार्भा, प्युपा हुँदै वयस्क लामखुट्टे बन्ने भएकाले लार्भाकै अवस्थामा खोजी गरी नष्ट गर्न आवश्यक रहेको उनको भनाइ छ । उनले डेंगी भाइरस संक्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने जानकारी दिँदै यसको मुख्य लक्षण ज्वरो आउनु र शरीरका विभिन्न भाग दुख्नु रहेको उल्लेख गरे । डेंगीको विशेष उपचारका लागि निश्चित औषधि नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु र लामखुट्टेको वृद्धि हुन नदिनु नै प्रभावकारी उपाय भएको उनले बताए ।स्वास्थ्य कार्यालयले डेंगी संक्रमितको संख्या बढ्दै गएपछि सचेतना कार्यक्रमलाई तिव्रता दिएको छ । आइतबार कार्यालयले सरोकारवाला निकायसँग डेंगी रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा पैरवी तथा अभिमुखीकरण गरेको छ ।



**पानी जम्न नदिन र सरसफाइमा ध्यान दिन जोड**

कार्यक्रममा वर्षायामसँगै लामखुट्टेको वृद्धि हुने र डेंगी रोगको जोखिमसमेत बढ्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि घर आँगनदेखि सार्वजनिक स्थानसम्म सरसफाइमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको छ । सहभागीहरुले लामखुट्टेको वृद्धि रोक्न पानी जम्न नदिनु नै डेंगी नियन्त्रणको प्रमुख उपाय भएको बताएका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पाल्पामा पछिल्ला केही वर्षयता डेंगीको प्रकोप बढ्दै गएको भन्दै सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख गौरव ढकालले लामखुट्टे नियन्त्रण गर्न सके डेंगीलगायतका विभिन्न रोगबाट बच्न सकिने भन्दै वातावरणीय सरसफाइमा सबैले ध्यान दिन आग्रह गरे ।

*-बाँकी अन्तिम पेजमा...*

**संक्षिप्त समाचार**

### सैनिक आक्रमणमा २१ विद्रोही मारिए

सिन्हवा

**काठमाडौं,** भदौं २१/पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा सुरक्षा बलले सञ्चालन गरेको विभिन्न सैन्य कारबाहीमा २१ जना विद्रोही मारिएको पाकिस्तानी सेनाले जनाएको छ । पाकिस्तानी सेनाको जनसम्पर्क तथा सञ्चार शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले आइतबार जारी गरेको जानकारीअनुसार सेप्टेम्बर ३ देखि ५ सम्म खैबर पख्तुनख्वा प्रान्तका विभिन्न जिल्लामा सुरक्षा कारबाही सञ्चालन गरिएको थियो । सेनाका अनुसार सुरक्षा बल र विद्रोहीबीच भएका छुट्टाछुट्टै भिडन्त तथा कारबाहीका क्रममा कुल २१ जना मारिएका हुन् । यी कारबाहीहरू मुख्य रूपमा उत्तर वजिरिस्तान, कोहाट र डेरा इस्माइल खान जिल्लामा सञ्चालन गरिएको जनाइएको छ । उत्तर वजिरिस्तान अफगानिस्तानसँग जोडिएको पाकिस्तानको सीमावर्ती क्षेत्र हो । विगतमा पनि यस क्षेत्रमा विद्रोही समूहहरूको गतिविधि तथा सुरक्षा बलमाथि आक्रमण हुने गरेका थिए पछिल्लो कारबाही पनि सोही क्षेत्रमा केन्द्रित गरिएको सेनाले जनाएको छ । सुरक्षा बलले विद्रोहीहरुको सम्भावित उपस्थितिबारे प्राप्त सूचनाका आधारमा विभिन्न स्थानमा कारबाही गरेको बताइएको छ ।

## तानसेनमा स्क्र्याबल खेल सम्बन्धी अभिमुखीकरण



**पाल्पा,** भाद्र २१/ तानसेनमा स्क्र्याबल खेलसम्बन्धी एकदिने विद्यार्थी अभिमुखीकरण कार्यक्रम भएको छ । विद्यार्थीमा शब्दभण्डार, भाषिक क्षमता तथा तार्किक सोच विकास गर्ने उद्देश्यले विद्यार्थीमा अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

कार्यक्रममा पाल्पाका विभिन्न आठ विद्यालयका ३७ विद्यार्थी र १० जना शिक्षकहरू सहभागी रहेका थिए । पाल्पा आवासीय विद्यालयका शिक्षक एवम् स्क्र्याबल प्रशिक्षक क्षितिज नेपालले स्क्र्याबल खेलको परिचय, खेल्ने तरिका, अंक गणना, र खेलका नियमहरूको जानकारी गराएका थिए । प्रशिक्षक नेपालको प्रस्तुतिपश्चात् जोडी समूहमा विभाजन गरी प्रयोगात्मक अभ्यास खेल खेलाइएको थियो । अभ्यासका क्रममा स्क्र्याबल क्लब पाल्पाका संयोजक गोपाल प्रसाद वश्याल, प्रशिक्षक नेपाल र पाल्पा आवासीय विद्यालयका स्वयम्सेवक विद्यार्थीहरूले सहजीकरण गरेका थिए । अभ्यासपश्चात् प्रश्नोत्तर एवम् जिज्ञासामूलक अन्तरक्रिया गरिएको थियो । कार्यक्रमको समापनमा बोल्दै दमकडा नमुना माध्यमिक विद्यालयका शिक्षक मिठु आचार्यले स्क्र्याबल खेलको महत्व बुझेकोले विद्यार्थीलाई अभ्यास गराउने प्रतिवद्धता व्यक्त गरिन् ।

*-बाँकी अन्तिम पेजमा...*

## आज निजामती सेवा दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** भदौ २१/ आज देशभर विभिन्न कार्यक्रम गरी निजामती सेवा दिवस मनाइँदैछ । नेपालमा हरेक वर्ष भदौ २२ गतेको दिनलाई निजामती दिवसको रुपमा मनाइन्छ ।

नेपालमा निजामती सेवा गठन भएको ६० वर्ष पूरा भए पनि विसं २०६२ भदौ २२ गतेबाट मात्र औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । विसं २०१३ भदौ २२ गते तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको नेतृत्वको सरकारले निजामती सेवा ऐन ल्याएको दिन पारेर हरेक वर्ष निजामती दिवस मनाउन थालिएको हो । निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ । राज्यले आफ्ना नागरिकलाई आृनो उपस्थिती र न्यायमा आधारित प्रशासनको प्रदान गर्न निजामती कर्मचारीहरुको भुमिका अतुलनिय हुन्छ । निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रहरुबाट ब्यवहारले सुशासन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ । जनतालाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र सेवामुखी प्रशासन प्रदान गर्ने उद्देश्यका साथ मनाइने यस दिवसले निजामती सेवाको भूमिका, जिम्मेवारी र चुनौतीबारे पुन:स्मरण गराउने अवसर पनि प्रदान गर्दछ । निजामती सेवा राज्य सञ्चालनको महत्वपूर्ण आधारका रूपमा रहेको छ । सरकारका नीति तथा कार्यक्रमलाई नागरिकस्तरसम्म पुऱ्याउनेदेखि सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, प्रशासनिक व्यवस्थापन तथा राज्यका विभिन्न निकायबीच समन्वय कायम गर्न निजामती कर्मचारीको महत्वपूर्ण भूमिका रहँदै आएको छ । बदलिँदो समयसँगै नागरिकका अपेक्षा पनि बढ्दै गएका छन् । प्रविधिको तीव्र विकास, डिजिटल सेवा विस्तार, पारदर्शिता, जवाफदेहिता र छिटोछरितो सेवा प्रवाह आजको प्रशासनका प्रमुख आवश्यकता बनेका छन् । त्यसैले परम्परागत कार्यशैलीमा सुधार गर्दै नागरिकमैत्री र परिणाममुखी प्रशासन निर्माण गर्नु निजामती सेवाको प्रमुख चुनौतीका रूपमा देखिएको छ ।




*-बाँकी अनितम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## निजामती सेवामा सुधारका सवाल

राज्य र नागरिकबीचको सबैभन्दा प्रत्यक्ष सम्बन्ध सार्वजनिक सेवामार्फत स्थापित हुन्छ । नागरिकले सरकारलाई कस्तो अनुभूति गर्छ भन्ने कुरा धेरै हदसम्म सरकारी कार्यालयमा पाउने सेवा, कर्मचारीको व्यवहार, निर्णय प्रक्रियाको पारदर्शिता र कामको गति कस्तो छ भन्ने कुराले निर्धारण गर्छ । त्यसैले निजामती सेवा कुनै सामान्य कर्मचारी संयन्त्र मात्र होइन, राज्य सञ्चालनको स्थायी आधार हो ।

नेपालमा राजनीतिक व्यवस्था परिवर्तन हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा प्रशासनिक संरचनामा पनि परिवर्तनको अपेक्षा गरिएको थियो । तर राजनीतिक संरचना बदलिए पनि प्रशासनिक कार्यशैलीमा अपेक्षित रूपान्तरण हुन नसकेको गुनासो अझै व्यापक छ । सेवा लिन कार्यालय धाउनुपर्ने, एउटै कामका लागि पटक–पटक कागजात बुझाउनुपर्ने, निर्णय प्रक्रियामा ढिलाइ हुने र जिम्मेवारी पन्छाउने प्रवृत्तिले नागरिकमा निराशा बढाएको छ । संघीय शासन प्रणालीअनुकूल निजामती प्रशासनलाई व्यवस्थित गर्न लामो समयदेखि संघीय निजामती सेवा कानुनको आवश्यकता महसुस हुँदै आएको छ । संघीय निजामती सेवा विधेयक, २०८० प्रतिनिधिसभाबाट पारित भइसकेको अवस्थामा समेत त्यसको प्रक्रियामा विवाद र अन्योल देखियो र प्रतिनिधिसभा विघटनसँगै उक्त विधेयक निष्क्रिय भएको संघीय संसदको अभिलेखले देखाउँछ । यसले एउटा गम्भीर प्रश्न उठाएको छ–नेपालको प्रशासनिक सुधार आखिर कहिलेसम्म राजनीतिक प्राथमिकताको पछाडी रहने ? कर्मचारीको सरुवा, बढुवा र पदस्थापनमा पारदर्शिता, कार्यसम्पादनमा आधारित मूल्याङ्कन, राजनीतिक हस्तक्षेपबाट प्रशासनलाई मुक्त राख्ने व्यवस्था तथा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट जिम्मेवारी अब विलम्ब गर्न नहुने विषय हुन् । प्रविधिको विकाससँगै नागरिकले छिटो, सरल र पारदर्शी सेवा खोजिरहेका छन् । डिजिटल सेवा विस्तार सकारात्मक भए पनि प्रविधि मात्रै पर्याप्त हुँदै, त्यसलाई सञ्चालन गर्ने प्रशासनिक संस्कार पनि परिवर्तन हुनुपर्छ । सेवाग्राहीलाई ‘झन्झट’ होइन ‘अधिकारको हकदार’ का रूपमा हेर्ने संस्कार आवश्यक छ । अबको निजामती सेवा संख्या र संरचनाभन्दा बढी दक्षता, जवाफदेहिता, निष्पक्षता र परिणाममा आधारित हुनुपर्छ । कर्मचारीलाई दोष दिएर मात्र सुधार सम्भव छैन, राजनीतिक नेतृत्व, प्रशासनिक संयन्त्र र नागरिक समाज सबैले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । सक्षम, निष्पक्ष र जनमुखी निजामती सेवा निर्माण गर्न सके मात्र संविधानले परिकल्पना गरेको सुशासन व्यवहारमा अनुभूत हुनेछ ।

### Opinion @ Social Network

अनुशासन, विद्रोह र अराजकता सबै छ म भित्र,
तपाईंलाई चाहिएको के हो? त्यो तपाईंको व्यवहारमा निर्भर गछ !!
*(समिर बश्यालको फेसबुक स्टाटसबाट www.facebook.com/Samir.Bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वामीनारायण पथ : कालिगण्डकी करिडोर क्षेत्रको पर्यटनमा नयाँ फड्को



पदम न्यौपाने



भारतको उत्तर प्रदेश छपैयाँ गाउँमा जन्मिएको ११ वर्षिय एक वालक (घनश्याम पाण्डे) अहिले संसार भर स्वामीनारायणको नामले परिचित छन् । ११ वर्षको उमेर देखिनै चिन्तन र विचारका हिसावले भिन्न र प्रतिभाशाली रहेका उनी अहिले संसारका २ करोड बढी आध्यात्मिक चिन्तन र चेतका मनमा देवता बनेका छन् । उनलाइ हिन्दू धर्मका एक महान आध्यात्मिक गुरु तथा समाज सुधारकका रुपमा लिने गरिन्छ । उनको जन्म सन् १७८१ अप्रिल ३ मा भएको थियो । जब ११ वर्षको उमेरमा मातापिताको देहावसान भएपछि उनले घर त्याग गरी भारतका विभिन्न तिर्थस्थलको भ्रमण गर्दै गुजरात पुग्दा सम्ममा घनश्याम पाण्डेलाइ नीलकण्ठ वर्णी नामले चिन्न थालिएको थियो । उनले गुरु रामानन्द स्वामीसँग दीक्षा लिएपछि उनलाई सहजानन्द स्वामी नाम दिइयो । तर पछि उनले “स्वामीनारायण“ मन्त्रको प्रचार गर्न थालेपछि स्वामीनारायणका नामले प्रसिद्धी प्राप्त हुदै अहिले संसारभर स्वामीनारायण भगवानको रुपमा लिने गरेको पाइन्छ । आध्यात्मिक यात्राका क्रममा भारतका विभिन्न तीर्थस्थलहरूको साथै नेपालको मुक्तिनाथको भ्रमण गर्दै गर्दा योग, वेदान्त र धर्मको गहन अध्ययन गरे । पछि स्वामीनारायणले समाजमा व्याप्त कुरीति, अन्धविश्वास, जातीय भेदभाव, मदिरापान, हिंसा तथा अन्य सामाजिक विकृतिविरुद्ध अभियान चलाउनुको साथै नैतिकता, अहिंसा, शिक्षा, भक्ति र सदाचार शिक्षालाई विशेष महत्व दिएको पाइन्छ । स्वामीनारायण सम्प्रदाय आज विश्वका धेरै देशहरूमा फैलिएको छ । उनका उपदेशहरू शिक्षापत्री लगायतका ग्रन्थहरूमा सङ्कलित छन् । अक्षरधामका रुपमा संसारका विभिन्न मुलुकमा अबौं रुपैया खर्चेर ठूला(ठूला संरचना बनाउन थालिएको छ । यस्ता स्थानहरुमा वर्षेनी करोडौले भ्रमण गर्ने गरेको देखिन्छ । स्वामीनारायणको देहावसान सन् १८३० जुन १ मा गुजरातको गढडामा भएको थियो । स्वामीनारायणलाई आज पनि लाखौं भक्तहरूले भगवानको अवतार तथा महान आध्यात्मिक मार्गदर्शकका रूपमा श्रद्धापूर्वक स्मरण गर्छन् ।

**आध्यात्मिक यात्रा प्रारम्भ,**

कलिलो उमेर तर लक्ष्य मानव कल्याण लिएर (स्वामीनारायणका अनुयायीहरुले प्रकाशन गरेका दस्तावेजहरुमा उल्लेख भए अनुसार) किसोर अवस्थाका नीलकण्ठ वर्णी(घनश्याम पाण्डे)ले भारतका हिमाली क्षेत्रदेखि दक्षिण भारतसम्म करिब सात वर्ष लामो पदयात्रा गरेका थिए । यस यात्राका क्रममा उनले नेपालको कैलाश पर्वत रोजे, जहाँ भगवान शिव पार्वतीको वासस्थान मानिन्छ । यहाँ रहेको मानसरोवर താललाई पवित्र तिर्थ स्थलको रुपमा लिइन्छ । हिन्दु,बौद्ध,जैन र बोन धर्मका अनुयायीहरु पनि कैलाश र मानसरोवर क्षेत्रलाइ पवित्र क्षेत्र मान्ने गर्छन् । यसका साथै हिमालय क्षेत्र हुदै पवित्रस्थल मुक्तिनाथ पुगेर साढे दुइमहिना एक खुट्टाले उभिएर कडा ध्यान गरेको विभिन्न प्रकाशनहरुमा उल्लेख गरिएको पाइन्छ । (यो मुद्रालाई प्राय: अक्षरधाममा राख्ने गरिएकोछ),फर्किने क्रममा बुटवलमा लामो समय रोकीएको र आफ्नो ज्ञान, विचार विस्तार गरेका थिए । सोही क्रममा काठमाडौं समेत आएको र उत्तर भारत, पूर्वी भारत, दक्षिण भारत तथा पश्चिम भारतका अनेक तीर्थस्थलहरूको भ्रमण गरेको विभिन्न प्रकाशनमा उल्लेख गरेको पाइन्छ । यात्रा अवधिभर उहाँले योग, ध्यान, वेदान्त तथा धार्मिक दर्शनको अध्ययन गर्नुको साथै विभिन्न साधु( सन्तहरूसँग आध्यात्मिक संवाद गरेको विभिन्न दस्तावेजहरुमा उल्लोख गरिएकोछ ।

**मानव कल्याणको खोजी र प्रेरणा,**

उनले यात्राका क्रममा कठोर तपस्यावाट प्राप्त ज्ञान साथै सादगीपूर्ण जीवन र मानव सेवाको सन्देश फैलाउन थाले । अन्तत गुजरात पुगेपछि गुरु रामानन्द स्वामीसंग भेट भयो । गुरुबाट दीक्षा लिएपछि उनी सहजानन्द स्वामीको उपाधि प्राप्त गरे र पछि स्वामीनारायण नामले प्रसिद्धि पायो । स्वामीनारायणको यो यात्रा केवल स्थानहरूको भ्रमण मात्र थिएन, यो सत्य, ज्ञान, भक्ति र मानव कल्याणको खोजीको यात्रा थियो । उनको यो यात्राले लाखौं मानिसलाई आध्यात्मिक मार्गमा प्रेरित गरेको छ र आज पनि उनका करोडौ अनुयायीहरूले यस यात्रालाई आदर्श तथा प्रेरणाको स्रोतका रूपमा सम्मान गर्छन् । स्वामीनारायण सम्प्रदायका विभिन्न ग्रन्थहरूमा नीलकण्ठ वर्णी (पछि स्वामीनारायण) ले मुक्तिनाथमा साढे दुई महिना कठोर तपस्या गरी मुक्तिनाथबाट दक्षिणतर्फ फर्कँदा उनले कालीगण्डकी नदीको मार्ग हुँदै गलेश्वर, बेनी क्षेत्र,रिडि रुरु क्षेत्र र त्यसपछि पाल्पा(तानसेन) हुदै बुटवलतर्फ यात्रा गर्नुभएको परम्परागत वर्णन पाइन्छ । बुटवलमा पुगेपछि फूलबारी स्थित महादत्त सेनको दरवारमा ३(५ महिना बसेको पढ्न पाइन्छ । इतिहासकारहरूका अनुसार यी स्थानहरू धार्मिक परम्परा र स्थानीय जनश्रुतिमा आधारित छन् । नीलकण्ठ वर्णीले करिब ७ वर्षभन्दा बढी समय भारत र नेपालका विभिन्न भागमा पैदल यात्रा गरेको मानिन्छ । त्यसैले यस अवधिमा बाटोमा अन्य धेरै गाउँ, आश्रम र तीर्थस्थलहरू पनि भ्रमण गरेको हुन सक्छ ।

**यात्राका क्रममा नेपाल क्षेत्रको महत्व,**

नीलकण्ठ वर्णीले भारत र नेपालका विभिन्न तिर्थस्थलहरुको दर्शन गर्नु एवं कठोर तपश्या गरेको स्वामीनारायण सम्वद्ध BAPS जस्ता संस्थाहरुद्धारा प्रकाशित दस्तावेजहरुमा उल्लेख छ । तर मुक्तिनाथमा गरिएको एक खुट्टाले उभिएर गरिने एकपाद तपश्या अति महत्वपूर्ण मानिन्छ । स्वामीनारायण सम्वद्ध भारत तथा तेश्रो मुलुकमा निर्माण गरिएका अक्षरधामहरुमा यही मुद्राको आशनको तपश्यालाई मूर्तिको रुपमा राख्ने गरिएको पाइन्छ । सायद यही कारणले पनि हुन सक्छ स्वामीनारायण सम्प्रदायले मुक्तिनाथलाई पवित्र तिर्थ स्थल मान्दछन् र वर्षेनी हजारौंको सख्या त्यहाँ पुग्ने गरेका छन् र एक पटक पुग्नै पर्ने चाहाना पनि राख्दछन् । निलकण्ठ बर्णीले पाइला टेकेको मानसरोवरमा पनि पुग्ने गरेका छन् । यही पक्ष नेपालकालागि आध्यात्मिक, धार्मीक र पर्यटकीय हिसावले अति महत्व राख्दछ । स्वामीनारायणका अनुयायीहरू आज विश्वका धेरै देशहरूमा फैलिएका छन् । स्वामीनारायणले स्थापना गरेको परम्परा स्वामीनारायण सम्प्रदाय अहिले अन्तर्राष्ट्रिय रूपमा सक्रिय छ । तिव्ररुपमा विस्तार हुँदै गएको यो सम्प्रदाय मध्ये भारत सबैभन्दा ठूलो केन्द्र हो । गुजरात मुख्य केन्द्रको रुपमा रहेकोछ । यसैगरी महाराष्ट्र, राजस्थान,दिल्ली,उत्तर प्रदेश,मध्य प्रदेश,कर्नाटक आदिमा सबैभन्दा धेरै मन्दिर, आश्रम र भक्तहरू छन् । नेपालमा पनि यो सम्प्रदाय बढ्दोरुपमा रहेकोछ । काठमाडौ, बुटवल,पोखरा,भैरहवा क्षेत्रमा सानोरुपमा भएपनि गुणात्मक संस्थागत विकास हुदै गरेको देखिन्छ । यसैगरी अमेरिकाको न्यूयोर्क,न्यू जर्सी,टेक्सास, क्यालिफोर्नियामा धेरै ठूलो प्रवासी समुदाय र भव्य मन्दिरहरू निर्माण भएका छन्। बेलायतको लन्डन,लेस्टरमा पनि धेरै सक्रिय मन्दिर र धार्मिक संस्था छन् । त्यस्तै क्यानडा,अष्ट्रेलिया,दक्षिण अफ्रिका,यूएईको दुबई, अबुधाबी,केन्या,सिंगापुर,मलेसिया,फ्रान्समा पनि स्वामीनारायण सम्प्रदाय बढ्दै गएको BAPS संस्थाका प्रकाशनहरुमा उल्लेख गरेको पाइन्छ ।

**स्वामीनारायण सम्प्रदाय र पदयात्रा गरेको वाटोको खोजी ,**

हिन्दू धर्मको स्वामीनारायण परम्परा अन्तर्गतको एक अन्तर्राष्ट्रिय आध्यात्मिक तथा सामाजिक संस्था BAPS हो । यसको स्थापना सन् १९०७ मा शास्त्रिजी महाराजको पहलमा स्थापना भएको थियो । यही संस्थाको पहलमा विश्वका धेरै देशमा अक्षर धाम निर्माण गरिएका छन् भने स्वामीनारायणको पथको खोजी अनुसन्धान पनि गरिरहेको छ । यो सम्प्रदायका अनुयायीहरु स्वामीनारायणले यात्रा गरेका विशेषगरी नेपाल क्षेत्रका महत्वपूर्ण आध्यात्मिक तथा धार्मीक क्षेत्र पुगेका वाटोको यकिन गर्न कठीनाइ भइरहेको र अध्ययन र अनुसन्धान कार्य भइ रहेको विभिन्न प्रकाशनहरुमा उल्लेख गरिएका छन् । समर्थक अनुयायी भन्दा कट्टर अनुयायीहरु मुक्तिनाथ पुग्नकालागि स्वामीनारायण हिडेको पथ नै खोज्ने गरेको सम्प्रदायका सम्वद्धहरुको भनाइ रहेको देखिन्छ । सो समय नेपालमा व्यवस्थित वाटोहरु नभएको र स्वामीनारायणको अभिलेखवद्ध दस्तावेजहरु पनि नभएका कारण विश्वसनीय कथनहरुको सहारा लिने गरिएको छ । BAPS का अनुसार यद्यपी विभिन्न अध्ययन समूह बनाई स्वामीनारायण पथको खोजी कार्य हुदै आएको देखिन्छ । नेपालमा पनि स्वामीनारायण सेवा संस्था नेपाल बुटवल, पोखरा र काठमाण्डौ द्धारा पनि अध्ययनलाई अगाडि बढाएको देखिन्छ ।

**BAPS नामक संस्थाको मुख्य उद्देश्य,**

शास्त्रिजी महाराजले यो संस्था सन् १९०७ मा भारतको गुजरात राज्यको बोचासनमा स्थापना गरी स्वामीनारायणले प्रतिपादन गर्नुभएको अक्षर-पुरुषोत्तम दर्शनलाई प्रचार गर्ने उद्देश्यले यो संस्था स्थापना गर्नुभएको थियो । संस्थाले स्वामीनारायणका शिक्षाको प्रचार-प्रसार गर्ने, नैतिक, आध्यात्मिक र सांस्कृतिक मूल्यहरूको विकास गर्ने, बाल, युवा र महिला विकास कार्यक्रम सञ्चालन गर्ने, मन्दिर निर्माण र धार्मिक कार्यक्रम सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् राहत तथा मानवसेवाका विभिन्न कार्यक्रम सञ्चालन गर्ने कार्य गर्दै आइरहेको छ । संस्थाको मुख्य धार्मिक सिद्धान्त अक्षर-पुरुषोत्तम दर्शन हो । यसले स्वामीनारायणलाइ सर्वोच्च परमेश्वर मान्ने गर्दछ र गुरुको मार्गदर्शनमा रहेर अक्षरधाम स्थापना गरी नित्य दिव्य धाम तथा आदर्श भक्ति प्रदर्शन गर्ने गर्दछ । यसैका माध्यमवाट भव्य हिन्दू मन्दिर(अक्षरधाम) निर्माण गर्दछ । यस कार्यमा विश्वभर लाखौं स्वयंसेवक यी गतिविधिमा सहभागी देखिन्छन् ।

**मुक्तिनाथसँग BAPS को सम्बन्ध**

BAPS लगायत स्वामीनारायण परम्पराका धेरै भक्तहरू प्रत्येक वर्ष मुक्तिनाथ मन्दिर दर्शन गर्न आउँछन् ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम समयमै अघि बढ्नेछ। स्वास्थलाई लिएर खानपानमा ध्यान दिनुहोस्। | **तुला**: भेटघाटबाट नयाँ चिनजान बढ्नेछ। घुमघाममा जाँदा खर्च सोचेर गर्नुहोला। |
| **वृष** : सामाजिक कार्यमा मेहनतको प्रशंसा हुनेछ। करोबारमा आर्थिक लाभ मिल्नेछ। | **वृश्चिक** : आत्मविश्वास बलियो रहनेछ। धार्मिक छोटो यात्राले मन प्रसन्न बनाउला। |
| **मिथुन** : अध्ययनमा एकाग्रता राम्रो रहनेछ। व्यापारमा उपयोगी हात लाग्नेछ। | **धनु**: सीपसँग सम्बन्धित जानकारी पाइनेछ। टाढाका व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। |
| **कर्कट** : महत्वपूर्ण समय व्यतीत हुनेछ। कार्यक्षेत्रमा पदोन्नतिको मौका मिल्नेछ। | **मकर** : व्यवहारिक सोचले राम्रो परिणाम दिनेछ। रोकिएको भुक्तानी प्राप्त हुनेछ। |
| **सिंह** : क्षमता देखाउने अवसर मिल्नेछ। आवश्यकताले कार्य थालनिको सोच दिनसक्छ। | **कुम्भ**: लेखनतर्फ मन आकर्षित हुनेछ। व्यावसायिक सम्पर्कबाट आर्थिक फाइदा हुनेछ। |
| **कन्या** : जटिल काम पनि सहज बन्नेछ। कार्यमा परिवर्तनले समस्याको समाधान हुनेछ। | **मीन** : काममा तपाईंको क्षमताको प्रशंसा हुनेछ। व्यवसायबाट राम्रो कारोबार हुनेछ। |

## शिक्षा

# विद्यार्थी, युवा र वैदेशिक रोजगारीबाट फर्किएकालाई वृत्ति मार्गनिर्देशन सेवा

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थी, युवा, कामदार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई लक्षित गरी 'वृत्ति मार्गनिर्देशन सेवा' सञ्चालन गर्ने भएको छ । शिक्षा ऐन, २०२८ को दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी 'वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन निर्देशिका, २०८३' जारी गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव चूडामणि पौडेलद्वारा प्रमाणित निर्देशिकाले विद्यालयमा कक्षा ८ वा सोभन्दा माथि अध्ययनरत विद्यार्थी, युवा, कामदार र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई लक्षित वर्गका रूपमा परिभाषित गरेको छ । उनीहरूको रुचि, खुबी, क्षमता तथा सबल पक्ष पहिचान गरी उपयुक्त वृत्ति विकल्प छनोटमा सहयोग गर्ने व्यवस्था निर्देशिकामा गरिएको छ । निर्देशिकाअनुसार विद्यार्थी तथा युवाको क्षमता र रुचि मूल्याङ्कन गरी उपयुक्त विषय, पेसा तथा वृत्तिपथ छनोटका लागि मार्गनिर्देशन तथा परामर्श सेवा उपलब्ध गराइनेछ । त्यसका लागि साइकोमेट्रिक परीक्षणलगायतका विधि र उपकरण प्रयोग गरी 'करिअर लेखाजोखा' गरिने व्यवस्था छ । साधारण शिक्षा तथा प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिममध्ये उपयुक्त विकल्प छनोट गर्न तथ्यमा आधारित परामर्श प्रदान गर्ने, विद्यार्थी तथा युवालाई वृत्ति योजना र रोजगारी एवं उद्यमशीलतासम्बन्धी मार्गनिर्देशन दिने निर्देशिकामा उल्लेख छ । त्यस्तै, कामको खोजीमा रहेका युवा, विद्यार्थी तथा कामदारको विवरण, सीपसम्बन्धी विवरण (प्रोफाइल) तथा शैक्षिक र तालिम संस्थाको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अभिलेखन गरिनेछ । श्रमबजार सूचना प्रणालीका




आधारमा शैक्षिक संस्था, पेसा तथा वृत्तिसम्बन्धी जानकारीसमेत अद्यावधिक गरिने व्यवस्था छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा बेरोजगार युवाको सीप र क्षमताको मूल्याङ्कन गरी रोजगारी तथा स्वरोजगारीका अवसरसम्बन्धी लक्षित परामर्श उपलब्ध गराउने व्यवस्था पनि निर्देशिकामा छ । श्रमबजारमा प्रवेशका लागि आवश्यक 'करिअर' व्यवस्थापन सीप, व्यक्तिगत विवरण तयारी तथा अन्तर्वार्तासम्बन्धी सीप विकासका लागि अभिमुखीकरण, तालिम र अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयदेखि श्रम बजारसम्मको सङ्क्रमण सहज बनाउन औद्योगिक अवलोकन, उद्यमशीलता विकास, व्यावसायिक योजना तयारी, इन्टनसीप तथा 'जब स्याडोइ' जस्ता कार्यक्रमसमेत सञ्चालन गरिने निर्देशिकामा उल्लेख छ । वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाइसम्बन्धी सूचना तथा सामग्रीलाई डिजिटल माध्यमबाट उपलब्ध गराउने र लक्षित वर्गको पहुँच विस्तार गर्ने व्यवस्था पनि गरिएको छ । वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा निर्देशक समिति रहने व्यवस्था छ । समितिमा शिक्षा विभाग,पाठ्यक्रम विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा मन्त्रालयका सम्बन्धित पदाधिकारी र एक जना विज्ञ रहनेछन् । सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न शिक्षा विभागमा 'वृत्ति मार्गनिर्देशन समन्वय एकाइ' रहनेछ । उक्त एकाइले लक्षित वर्गको व्यक्तित्व, क्षमता र रुचिअनुसार उपयुक्त वृत्तिक्षेत्र तथा वृत्तिपथ पहिचानमा सहयोग गर्नेछ । निर्देशिकाले निजी क्षेत्र तथा विभिन्न सैसंस्थाबाट प्रदान गरिने वृत्ति मार्गनिर्देशन तथा परामर्शसम्बन्धी गतिविधिलाई सहजीकरण, व्यवस्थापन तथा नियमन गर्ने तथा सेवा प्रदायक र सेवाग्राहीबीच अनुभव आदानप्रदानका लागि आवश्यक प्लेटफर्म विकास गर्ने व्यवस्था पनि गरेको छ । स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई समेत उनीहरूले अध्ययन गरेको विषय, रुचिको क्षेत्र, व्यक्तिगत क्षमता तथा दक्षताको मूल्याङ्कनका आधारमा रोजगारी र स्वरोजगारीका अवसर तथा सम्भावनाबारे मार्गनिर्देशन र परामर्श प्रदान गरिने निर्देशिकामा उल्लेख छ ।

*-रातोपाटी डटकम*

# अनिश्चितकालीन बन्द भए बाढी प्रभावित क्षेत्रका विद्यालयहरू

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण प्रभावित बनेका नुवाकोटका विद्यालयहरू अनिश्चित समयका लागि बन्द गरिएका छन् । बाढीले प्रभावित भएको विदुर नगरपालिकासहित किस्पाङ गाउँपालिकाभित्रका सबै विद्यालय बन्द रहेको छ भने बेलकोटगढी र तारकेश्वरले प्रभावित क्षेत्रका शैक्षिक संस्था सञ्चालन अनिश्चित भएको जनाएको छ । बाढीका कारण विद्यार्थी, शिक्षक र अभिभावक हराइरहेका, विद्यालयको संरचना, सडक र पुलमा पुगेको क्षतिले आवतजावत गर्न कठिन रहेकाले तत्कालै विद्यालय सञ्चालनको तयारी नभएको विदुरका नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक जनजीवन केही सरल र नदी वारपार गर्नसक्ने भएपछि मात्रै विद्यालय सञ्चालन हुनेछ । शिक्षा शाखा प्रमुख नवराज सापकोटाका अनुसार बाढी आउँदैछ भन्ने सूचना प्राप्त भए पनि त्यसको प्रभाव अकल्पनीय होला भन्ने अनुमान नहुँदा क्षतिको आकार ठूलो भएको छ । "केही विद्यालयले भने उच्च सतर्कता अपनाएसँगै ठूलो दुर्घटना हुनबाट जोगिएको छ", उनले भने, "अहिलेको अवस्था र दैनिक जनजीवन असामान्य छ । केही समयपछि वैकल्पिक माध्यमबाट अध्ययन गराउन योजना बनाउनेछौं ।" त्रिशूली



नदीमा आएको बाढीले सबैभन्दा बढी प्रभावित भएको विदुर नगरभित्र सञ्चालित ८३ मध्ये एक दर्जन विद्यालय प्रत्यक्ष प्रभावित भएका छन् । शिक्षा शाखाको तथ्याङ्कअनुसार चारवटा विद्यालयको भवन पूर्ण रूपमा क्षति पुगेको छ । शिक्षा विकास तथा समन्वय एकाइ नुवाकोटले तयार गरेको प्रारम्भिक तथ्याङ्कअनुसार त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय, रामचन्द्र आधारभूत विद्यालय, चेतना आवि र त्रिशूली सामुदायिक बोर्डिङ स्कुलको सम्पूर्ण संरचनामा क्षति पुगेकाले उक्त स्थानमा विद्यालय सञ्चालन गर्न नसक्ने अवस्था छ । त्यस्तै, उत्तरगया इङ्लिस बोर्डिङ स्कुलको तीनवटा ब्लक र छात्रावास भवन पूर्ण क्षति भएर एकवटा ब्लकमात्र बाँकी छ । चण्डेश्वरी माविको दृष्टिविहीन विद्यार्थी बसोबास गर्ने छात्राबास, शहीद जगतप्रकाशजङ्ग शाह संस्कृत मावि र पायोनियर इङ्लिस बोर्डिङको घेराबार आसपासमा क्षति पुगेकाले विद्यालय सञ्चालनमा कठिनाइ छ । रामचन्द्र आविको एक र उत्तरगया इङ्लिस बोर्डिङका दुईवटा बस बाढीले बगाएको छ । त्यस्तै, किस्पाङ गाउँपालिकामा विद्यालय भवनमा क्षति नपुगेको भए पनि बाढीका कारण विस्थापित भएकालाई राख्न दुई विद्यालयमा होल्डिङ सेन्टर बनाइएको छ भने बेलकोटगढीमा एक विद्यालयमा होल्डिङ सेन्टर सञ्चालन गरिएको छ । बेलकोटगढी-७ स्थित शिलादेवी मावि बाढीबाट प्रत्यक्ष र वडा नं ५ को महादेव मावि प्रभावित बनेको छ ।*-हाम्रा कुरा डटकम*

# टियु टपर मालीलाई सीबीएम् कलेजको सम्मान

काठमाडौंको डिल्लीबजारमा रहेको कलेज अफ बिजनेस म्यानेजमेन्ट (सीबीएम) कलेजले त्रिभुवन विश्वविद्यालयकी उत्कृष्ट विद्यार्थीलाई बुधबार सम्मान गरेको छ । कलेजका अध्यक्ष लेखनाथ कोइरालाका अनुसार हालै प्रकाशित बीबीएम् प्रथम सेमेष्टरको परीक्षाफलमा कलेजबाट रिदिमा माली सर्वोत्कृष्ट भएका थिए । उनले ३ दशमलव ९६ जीपीए ल्याएका छन् । 'हाम्रो विद्यार्थी टियु टपर भएकामा खुशी लागेको छ, भोलिको दिनमा पनि यस्तै विद्यार्थी उत्पादन गर्ने प्रयास गर्दैछौं', अध्यक्ष कोइरालाको भनाइ छ । कार्यक्रममा कलेजका विभिन्न गतिविधिमा सक्रिय कक्षा ११ र १२ का बीसजना विद्यार्थीलाई पनि प्रसंशा पत्रद्वारा सम्मान गरिएको छ । क्याम्पसका सहायक प्रिन्सिपल सञ्जय मेहेताको अध्यक्षतामा भएको औपचारिक कार्यक्रमको सञ्चालन कलेज को-अर्डिनटर सरिक्षा कँडेलले



गरेका थिए । कार्यक्रममा बीबीएम् अध्ययनरत विद्यार्थीहरूका लागि नि:शुल्क लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरिने जानकारी दिइएको थियो । कलेजले अन्तर्राष्ट्रिय मान्यता प्राप्त चार्टर्ड फाइनान्सियल एनालिष्ट (सिएए) कक्षा पनि सुरु गरिने जनाएको छ । कलेजले गत साता रसुवाको भोटेकोशीमा आएको बाढीमा परी निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेको छ । कलेजले बेपत्ताहरूको खोजी गर्न पनि सरकार र सरोकारवालालाई आग्रह गरेको छ । अध्यक्ष कोइरालाले कलेजले चाँडै नै बाढी प्रभावित क्षेत्रमा राहत सामग्री लाने योजना बनाएको बताएका छन् । तीस वर्षअघि स्थापना भएको यो कलेजले गुणस्तरीय र व्यावहारिक शिक्षा दिने अभियान अघि बढाएको अध्यक्ष कोइरालाले बताए ।

*-इहिमालयन डटकम*

# स्वामीनारायण पथ...

...यो संस्थाले मुक्तिनाथ जान प्रेरित गरिरहेको हुन्छ । किनकी मुक्तिनाथलाई हिन्दूहरूको महत्वपूर्ण मोक्षस्थल मानिन्छ, त्यसैले भारतका गुजरात, महाराष्ट्र, राजस्थान, दिल्ली लगायतका स्थानबाट पनि धेरै भक्तहरू आउँने गरेका छन् । यो संस्थाले आफ्नो उपस्थिति जनाएका देशमा मुक्तिनाथलाइ मोक्ष स्थलको रुपमा चित्रण गरेको पाइन्छ । यसर्थ विदेशमा रहेका भारतीयमुल र विदेशीहरु समेत एक पटक पुग्नै पर्ने स्थलको रुपमा मुक्तिनाथलाइ लिएको पाइन्छ । मुक्तिनाथ क्षेत्रमा आश्रम समेत निर्माण गरिएकोछ । यो संस्था प्रसिद्ध र विश्वासिलो संस्थाको रुपमा लिएको पाइन्छ । यस संस्थालाइ अनुशासित स्वयंसेवक र सन्तहरूको ठूलो सञ्जाल भएको, विशाल र कलात्मक मन्दिर निर्माण गरिरहेको, मानवसेवामा सक्रिय योगदान गरिरहेको, युवा तथा बालबालिकामा नैतिक शिक्षामा जोड दिएको, विश्वभर १०० भन्दा बढी देशमा गतिविधि गरेको संस्था मानिन्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी समेत मुक्तिनाथ गएर प्रार्थना गरेका थिए । विश्वभर स्वामीनारायणका अनुयायीको आधिकारिक संख्या उपलब्ध छैन, तर विभिन्न अध्ययन र संस्थाहरूका अनुमानअनुसार सम्पूर्ण स्वामीनारायण परम्परा मान्नेहरु करिब ३ करोड अनुयायी रहेको अनुमान गरिन्छ । BAPS का अनुसार भारतमा करिब १५ लाख सक्रिय अनुयायी रहेको विभिन्न सार्वजनिक अनुमानहरूमा उल्लेख पाइन्छ । मुख्यत अनुयायीहरू मूल अहमदाबाद, वडताल, स्वामीनारायण गादी तथा अन्य संस्थाहरूमा आबद्ध छन्। अनुयायीहरू विशेष गरी गुजरात, महाराष्ट्र, राजस्थान, दिल्ली, उत्तर प्रदेशमा रहेको वताइन्छ । नेपालमा पनि स्वामीनारायण परम्पराका केही अनुयायी छन्, तर भारत वा पश्चिमी देशहरूको तुलनामा संख्या सानो रहेको छ । भारतमा रहेको यो सख्या र स्वामीनारायण परम्परा एवं मुक्तिनाथबीच पर्यटनको दृष्टिले राम्रो सम्भावना छ । यद्यपि, यसलाई धार्मिक संवेदनशीलताको सम्मान गर्दै विकास गर्न आवश्यक हुन्छ ।

**स्वामीनारायण अनुयायीका लागि मुक्तिनाथ किन आकर्षक,**

मुक्तिनाथ मन्दिर हिन्दू र बौद्ध दुवैका लागि पवित्र तीर्थस्थल हो । हिन्दू धर्ममा मोक्ष प्राप्तिको स्थल मानिन्छ । भगवान विष्णुको मुक्तिनारायण स्वरूपको मन्दिरका रूपमा पूजा गरिन्छ । १०८ धारा र ज्वालामाई मन्दिर यसको प्रमुख आकर्षण हुन् । मुक्तिनाथ वैष्णवहरूको प्रमुख तीर्थस्थलमध्ये एक हो । स्वामीनारायणले कडा तपश्या या ध्यान गरेको क्षेत्र पनि भएकोले धेरै स्वामीनारायण अनुयायीहरूले जीवनमा कम्तीमा एकपटक मुक्तिनाथ दर्शन गर्ने इच्छा राख्छन् । विशेष गरी स्वामीनारायण सम्प्रदाय प्रतिबिश्वास गर्नेहरु र स्वामीनारायण संस्थाका भक्तहरू भारतबाट निजी वा समूह यात्रामा मुक्तिनाथ पुग्ने गरेका छन् । नेपालको धार्मिक एवं आध्यात्मिक पर्यटनका लागि यो भारतको वैष्णव तीर्थयात्री बजारलाई आकर्षित गर्ने एउटा महत्वपूर्ण अवसर हुन सक्छ, विशेष गरी गुजरात, महाराष्ट्र, राजस्थान र दिल्लीजस्ता राज्यहरूबाट आउने यात्रुहरूले मुक्तिनाथलाइ निकै महत्व दिने गरेका छन् ।

**पदयात्रा पथ र नेपालको पर्यटन,**

स्वामीनारायण हिडेको वाटो स्वामीनारायण पदयात्रा मार्ग र नेपालको पर्यटन बीच प्रचुर सम्भावनापूर्ण सम्बन्ध छ । तर यसको प्रचार ऐतिहासिक तथ्य र आध्यात्मिक सम्बन्धका आधारमा गरिनुपर्छ । यो यात्रा आज पनि स्वामीनारायण अनुयायीहरूका लागि अत्यन्त प्रेरणादायी मानिन्छ । कैलाश पर्वत, मानसरोवर देखी मुक्तिनाथ मन्दिर सम्म आएको तथा मुक्तिनाथवाट फर्किदा म्याग्दी, गलेश्वर, पर्वत,मोदीवेनी, महाशिला, बाग्लुङ्ग बलेवा, गुल्मी,पाल्पा रिडी, तानसेन नारायण स्थान, पर्वास बंशगोपाल हुदै बुटवल पुगेको कथनलाइ प्रामाणिक तथ्य आधारहरु खोजी गरी स्थापीत गर्न सकिएमा मुक्तिनाथ सहजरुपमा जाने सवै भन्दा छोटो वाटो हुने देखिन्छ । यसैगरी बुटवल बस्दा महादत्तसेनको दरवार,,नजिकैको मननारायण मन्दिर पनि यही पथमा समेटीनेछ । बुटवलवाट पोखरा जादा शिद्धगुफा ( राम्दी, मायाटारी) चितवन(देवघाट) कास्की, काठमाण्डौको वाटो प्रयोग गरिएको कथन छ । यसैगरी काठमाण्डौवाट सुनसरी(बराह क्षेत्र) हुदै भारतको सिलगुढी गएको हुन सक्ने वारे खोजी गरिदै गरेको नेपाल स्थित स्वामीनारायण सेवा समितिको भनाइ रहेको छ । भारतीय अध्येताहरुले समेत यो वाटोको वारेमा निष्कर्ष निकाली सकेको अवस्था छैन । यसकालागि नेपालका यस क्षेत्रका विभिन्न पालिकाहरुको सहयोग र नेपाल स्थित स्वामीनारायण सम्वद्ध संस्था एवं भारतीय संस्थाहरुसंगको समन्वयमा यसका वारेमा टुंगो लगाउन जरुरी देखिन्छ । यसले भैरहवा, लुम्विनी देखि मुक्तिनाथ जाने छोटो वाटो समेत स्थापीत हुनेछ । हाल हजारौंको सख्यामा मुक्तिनाथ जाने पर्यटकको सख्या वर्षेनी लाखौंमा पुग्ने देखिन्छ ।

**यो किन राम्रो अवसर हो,**

विश्वभर स्वामीनारायण परम्पराका लाखौं अनुयायी छन् । विशेष गरी गुजरात, महाराष्ट्र, राजस्थान, दिल्ली, बेलायत, अमेरिका, क्यानडा र अफ्रिकाका भारतीय मूलका समुदायमा नेपालको धार्मिक पर्यटनप्रति रुचि बढाउन सकिन्छ । नेपालले आरोग्य पर्यटनको अभियान सञ्चालन गर्ने निर्णय गरिरहदा यस क्षेत्रले थप आध्यामिक र धार्मीक पर्यटनलाइ समेत समेट्ने हुनाले सरकारी लक्ष्यलाइ समेत बल पुग्ने देखिन्छ । साथै भैरहवा नाका हुदै सवै भन्दा छोटो दुरीमा चिसो वातावरणमा पुग्ने भारतीय पर्यटकको चाहानालाइ यही वाटोले पुरा गरिदिनेछ । यो स्वामीनारायण पथ स्वामीनारायण सम्प्रदाय वा अनुयायीहरुकालागि मात्र नभइ अन्य उदेश्यका पर्यटककालागि पनि त्यत्तिकै आकर्षक माग हो । भैरहवा बुटवल र पाल्पा हुदै रानीमहल क्षेत्रमा पर्ने कालिगण्डकी करिडोर भेटाए पश्चात सिधै मुक्तिनाथ पुगिने र सो वाटोमा पर्ने अत्यधिक धार्मिक महत्वका तिर्थस्थलहरुको दर्शन समेत गर्न सकिने हुन्छ । यसर्थ यस क्षेत्रका पालिका, नेपाल पर्यटन बोर्ड, निजी ट्रूभल कम्पनीहरू र स्वामीनारायण संस्थाहरूबीच सहकार्य भयो भने यसले नेपालको पर्यटनमा ठूलो योगदान गर्नेछ ।

**निष्कर्ष,**

"नीलकण्ठ वर्णी यात्रा मार्ग" या स्वामीनारायण पदयात्रा मार्ग र यो मार्गमा पर्ने तीर्थस्थलहरूलाइ तपस्या र साधनाको स्थल,कालीगण्डकी उपत्यकाको ऐतिहासिक र धार्मीक महत्व, शालिग्रामयुक्त संसारको एकमात्र नदी,कालीगण्डकी करिडोर धार्मिक करिडोरको रुपमा मान्यता सहित स्वामीनारायणले यात्राका क्रममा व्यहोरेका पिडाको ज्वलन्त अनुव दिने क्षेत्र परिचय सहितको यात्रासँग सम्बन्धित अध्ययन, अनुसन्धान वा धार्मिक भ्रमणकालागि वातावरण बनाउन जरुरी देखिन्छ । तीर्थयात्रा मार्गको नक्साङ्कन गर्ने र स्थानीय तह र पर्यटन निकायसँग सहकार्य गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने अभियान सञ्चालन जरुरी देखिन्छ । यसकालागि "नीलकण्ठ वर्णी नेपाल पदयात्रा मार्ग" वा स्वामीनारायण मार्गकोको दस्तावेजीकरण गर्न सवै पालिकाहरुको प्राथमिकतामा पानुपर्ने देखिन्छ ।

**सन्दर्भ श्रोतहरु : BAPS का विभिन्न प्रकाशन**

# तेस्रो जितसहित नेपाल एसीसी प्रिमियर कपको सेमिफाइनलमा



**पाल्पा,** भदौं २१/ लगातार तेस्रो जित निकाल्दै नेपाल एसीसी प्रिमियर कपको सेमिफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको खेलमा साउदी अरेबियालाई हराउँदै नेपाल एक खेल अगावै सेमिफाइनलमा प्रवेश गरेको हो ।नेपालले साउदी अरेबियालाई ५ विकेटले पराजित गरेको छ ।

मलेसियाको वायुमास क्रिकेट ओभलमा टस जितेर पहिले ब्याटिङ गरेको साउदी अरेबिया ४९.२ ओभरमा १९० रनमा अलआउट भएको थियो । साउदी अरेबियाले दिएको १९१ रनको विजयी लक्ष्य पछ्याएको नेपालले ४०.४ ओभरमा ५ विकेट गुमाउँदै १९३ रन सहित लक्ष्य पूरा गरेको हो । नेपालका लागि गुल्सन झाले सर्वाधिक ४४ रनको अविजित पारी खेले । उनले ३५ बलमा समान ३ चौका र ३ छक्का प्रहार गरे । ओपनरद्धय अर्जुन कुमार र आसिफ शेखले क्रमशस् १५ र २० रन बनाउँदा देव खनालले ३९ रन र ईशान पाण्डेले ४० रन बनाए । रोहित कुमार पौडेल २४ रनमा अविजित रहे । साउदी अरबियाको लागि बलिङतर्फ इस्तिक अहमद र मोहम्मद अब्दुल्लाह अतिफले २-२ विकेट लिए ।

मोहम्मद हिसम शेखले १ विकेट लिए । त्यसअघि, ब्याटिङ गरेको साउदी अरेबियाका लागि ओपनर ब्याटर अब्दुल बाहिदले सर्वाधिक ७७ रन बनाए । उनले ८९ बलमा १० चौका र २ छक्का प्रहार गरे । मोहम्मद आतिफले ३० रन र मोहम्मद हिसम शेखले २८ रन बनाए । जैन अबिदिनले १२ रन, मोहम्मद सकिबले १४ तथा इस्तिक अहमद १० रनमा अविजित रहे । अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । नेपालको लागि बलिङ तर्फ सन्दिप लामिछाने र दिपेन्द्र सिंह ऐरीले समान ३-३ विकेट लिए । ललित राजवंशीले २ विकेट लिँदा शेर मल्ल र गुल्सन झाले १-१ विकेट लिए ।

नेपालले पहिलो खेलमा बहराइनलाई ७ विकेटले हराएको थियो भने र दोस्रो खेलमा मलेसिया विरुद्ध ६ विकेटको जित दर्ता गरेको थियो । नेपालले पहिलो दुई खेलमा क्रमशः बहराइनलाई ७ र मलेसियालाई ६ विकेटले पराजित गरेको थियो । साउदी अरेबियाले चौथो खेलमा तेस्रो पराजय भोग्दै प्रतियोगिताको यात्रा टुंग्याएको छ । नेपालले अब समूह चरणको अन्तिम खेलमा मंगलबार हङकङको सामना गर्नेछ । उक्त खेलपछि समूहविजेताको टुङ्गो लाग्नेछ ।

## पाल्पामा डेंगी संक्रमण...

...अझै केही समय अवस्था जटिल रहेकाले संक्रमणबाट बच्न डेंगुको रोकथामका उपाय अपनाउनुपर्ने उनले जोड दिए । लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएका लुगा लगाउने, झुलभित्र मात्र सुत्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्न उनले सुझाएका छन् ।

त्यस्तै, घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिन, खाल्डाखुल्डी पुर्न र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने गमलाको प्लेट, फुलदानी कुलर आदिको पानी कम्तीमा हप्तामा एक पटक फेर्न पनि प्रमुख ढकालले सबैलाई अनुरोध गरे । पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्न, साँझ र बिहान करेसाबारीमा जाँदा, घर बाहिर टहलिँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउनु उनको भनाई छ । उनका अनुसार डेंगु संक्रमण एडिस जातको लामखुट्टेको टोकाइबाट सर्ने गर्छ । एकासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने, थकान महसुस हुने, वान्ता हुने डेंगु संक्रमणका प्रमुख लक्षण हुन् । चिकित्सकका अनुसार लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगु रोगबाट बच्ने एक मात्र उपाय हो । एडिस लामखुट्टे विशेषत: बिहान र बेलुकी सूर्योदय र सूर्यास्त हुनुभन्दा अगाडि बढी सक्रिय हुने र त्यसैबेला संक्रमण बढी सार्छ । लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गर्नुपर्ने चिकित्सकहरु बताउँछन् । लामखुट्टेको टोकाइबाट डेंगीबाहेक मलेरिया, औलो, चिकनगुनिया (डेंगीसँग मिल्दाजुल्दो) रोग पनि लाग्न सक्छ । डेंगी नियन्त्रणका लागि विद्यालयका विद्यार्थी प्रभावकारी माध्यम बन्न सक्ने भएकाले विद्यालयस्तरमै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा समेत कार्यक्रममा जोड दिइएको थियो । कार्यक्रममा जनप्रतिनिधि, सुरक्षा निकाय, औषधि व्यवसायी, सञ्चारकर्मी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो ।


## आज निजामती सेवा दिवस...

...निजामती दिवसले कर्मचारीलाई आफ्नो कर्तव्य, जिम्मेवारी र आचरणप्रति थप प्रतिबद्ध हुन प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

सार्वजनिक पदलाई व्यक्तिगत सुविधा वा अधिकारका रूपमा नभई नागरिकको सेवा गर्ने अवसरका रूपमा लिनुपर्नेमा सरोकारवालाहरूले जोड दिँदै आएका छन् । सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिँदै प्रशासनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सके मात्र नागरिकले राज्यको उपस्थितिलाई प्रत्यक्ष रूपमा अनुभूति गर्न सक्नेछन् । त्यसका लागि राजनीतिक नेतृत्व, प्रशासनिक संयन्त्र र नागरिकबीचको सहकार्य आवश्यक देखिन्छ । निजामती दिवस केवल कर्मचारीको सम्मान गर्ने अवसर मात्र नभई ‘जनताको सेवामा समर्पित प्रशासन’ निर्माण गर्ने प्रतिबद्धता दोहोर्‍याउने दिन पनि हो । सक्षम, इमानदार, जिम्मेवार र प्रविधिमैत्री निजामती सेवाबाट मात्र समृद्ध, सुशासित र नागरिकमैत्री राज्य निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### खेलकुद समाचार

## सगरमाथा स्म्यासर्सको लगातार दोस्रो जित



**काठमाडौं,** भदौ २१/ नेपाल भलिबल लिग(एनभीएल) मा सगरमाथा स्म्यासर्सले खप्तड फाल्कन्स सुदूरपश्चिमलाई सोझो सेटमा पराजित गर्दै लगातार दोस्रो जित हात पारेको छ । त्रिपुरेश्वरको दशरथ रंगशाला कभर्डहलमा भएको खेलमा सगरमाथाले खप्तड फाल्कन्सलाई ३-० को सेटमा हरायो । सगरमाथाले पहिलो र दोस्रो सेट समान २५-१८ ले आफ्नो पक्षमा पर्दै खेलमा पकड बनाएको थियो । तेस्रो सेट पनि २५-१९ ले जित्दै सगरमाथाले एकपक्षिय रुपमा खेल जित्यो । लगातार दुई खेलमा जित हात पारेको सगरमाथा ६ अंकसहित शीर्ष स्थानमा छ । सगरमाथाले उद्घाटन खेलमै मधेश वारियर्सलाई ३-१ ले हराएको थियो । शनिबार भएको पहिलो थ्रिलिङ खेलमा काठमाण्डौ रेड्सले मधेश वारियर्सलाई ३-२ को सेटमा हराएर विजयी सुरुवात गरेको छ ।

## तानसेनमा...

...कार्यक्रम व्यवस्थापन मिलाएको पाल्पा आवासीय विद्यालयका प्रिन्सिपल गोपाल बहादुर पिसिले आफ्नो विद्यालयले अन्तर्राष्ट्रिय स्तरको खेलसमेत खेलिसकेको अनुभव सुनाउँदै विद्यार्थीको भाषिक सिप विकासका लागि स्क्र्याबलको महत्व चर्चा गरे । क्लबका संयोजक वश्यालले स्क्र्याबल खेल एउटा खेलमात्र नभै शब्द भण्डार बृद्धि गर्ने, ज्ञानको पुन:ताजगी गर्ने, समालोचकीय एवम् स्मार्ट कार्यकुशलता सिपको विकास गर्ने माध्यम भएको बताए । अंग्रेजी शब्द खेल स्क्र्याबलका अतिरिक्त नेपाली भाष र गणित सिपमा आधारित स्क्र्याबल खेलको विकास र कक्षा ५ र ६ का लागि स्क्र्याबल खेल पुस्तक समेत विकास गरिएको, समय-समयमा जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलहरूमा विद्यार्थीहरूको उल्लेख्य सहभागिता हुने गरेको संयोजक वश्यालले बताए ।

### अर्थ/कर्पोरेट समाचार

## काठमाडौं भित्रियो ८७ हजार ग्यास सिलिण्डर



**काठमाडौं,** भदौ २१/ पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक भासिएपछि पछिल्ला तीन दिनमा वैकल्पिक मार्गबाट ८७ हजारभन्दा बढी सिलिन्डर ग्यास काठमाडौं भित्र्याइएको छ । नेपाल आयल निगमका अनुसार विभिन्न १८ वटा कम्पनीले बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, धनुषा तथा महोत्तरीमा रहेका उद्योगबाट ‘रिफिलिङ’ (पुन: भर्ने) गरेर ८७ हजार ८७७ वटा सिलिन्डर काठमाडौं ल्याइएको हो ।

भदौ १८ गते २४ हजार ४९४, १९ गते ३४ हजार १३४ र २० गते २९ हजार २४९ वटा सिलिन्डर उपत्यका भित्रिएका निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । मुख्य राजमार्ग अवरुद्ध भएपछि निगमले काठमाडौं उपत्यका तथा आसपासका क्षेत्रमा वैकल्पिक मार्गमार्फत पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति निरन्तर गराइरहेको छ । ग्राभेल गरेर सवारीसाधन चलाइन भासिएको ७ दिनपछि कृष्णभीरमा खुल्यो डाइभर्सन ट्र्याक, ग्राभेल गरेर सवारीसाधन चलाइनेभदौ १४ गते त्रिशूलीको कटानका कारण पृथ्वी राजमार्गको कृष्णभीरमा सडक अवरुद्ध हुँदा इन्धन बोकेका ट्यांकर तथा ग्यास बुलेट बाटैमा रोकिएका थिए । त्यसलगत्तै निगमले वैकल्पिक मार्ग प्रयोग गरी तराईका उद्योगमा भरिएका ग्यास सिलिन्डर काठमाडौं भित्र्याउने व्यवस्था गरेको हो । निगमले ग्यास आपूर्तिलाई सहज बनाउन सार्वजनिक बिदाका दिनमा पनि ‘रिफिलिङ’ र ढुवानी नियमित गर्न ग्यास उद्योगलाई निर्देशन दिइएको छ ।

*-रासस*


## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागी बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई